# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ६ मितिः २०७५/०४/०६

## भाग-१

## सिस्ने गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५

**प्रस्तावनाः**

सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सिस्ने गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि सिस्ने गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका/नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची-१

<u>सम्पत्ति कर</u>

घरको बनौटका आधारमा घरको मूल्यांकन दर

| क. स. | घरको बनोटको बर्गिकरण | बिस्तृत बिबरण | दर (रु./बर्ष) | कैफियत |
|---|---|---|---|---|
| १. | पक्कि घर | RCC ढलान घर (प्रतितला) | १० | |
| २. | पक्कि घर | माटो र ढुंगाले बनेको तर प्लास्टर गरिएको | ८ | |
| ३. | कच्ची घर | माटो र ढुंगाले बनेको, सिलेट/ढुंगाले छाएको | ७ | |
| ४. | कच्ची घर | माटो र ढुंगाले बनेको, जस्ता पाताको छाना भएको | ६ | |
| ५. | कच्ची घर | माटो र ढुंगाले बनेको, खरको छाना भएको घर | ५ | |

**घर जग्गाको करको मूल्यांकन दर**

| क.स. | घर जग्गा मूल्य | करको दर | कैफियत |
|---|---|---|---|
| १. | पहिलो ३० लाखसम्म (एकमुष्ट) | रु. ५०० | प्रत्येक बर्षका लागि प्रत्येक घरको बार्षिक रु. १०० विपद ब्यस्थापन शुल्क बापत थप लाग्नेछ । |
| २. | त्यस पछिको थप २० लाखसम्म | ०.०२५% | |
| ३. | त्यस पछिको थप २० लाखसम्म | ०.०४% | |
| ४. | त्यस पछिको थप २० लाखसम्म | ०.१०% | |
| ५. | त्यस पछिको थप २० लाखसम्म | ०.२५% | |
| ६. | त्यस पछिको थप २० लाखसम्म | ०.५०% | |
| ७. | त्यस पछिको थप २० लाखसम्म | १.००% | |

अनुसूची-२

भुमि कर (मालपोत)

गाउँपालिका क्षेत्रभित्रको जग्गा जमिनको उत्पादनको अवस्था, बजार मूल्य, सुगमताको अवस्था आदिलाई मध्यनजर गरी कार्यपालिकाबाट अध्ययन गरेर थप निर्णय नहुँदासम्म तपसिल बमोजिमको दरमा मालपोत कर असुली गर्ने ।

| क्र.स. | जग्गा किसिम | मालपोतको दर प्रति रोपनी | कैफियत |
|---|---|---|---|
| १. | अबल | १५ | |
| २. | दोयम | १२ | |
| ३. | सिम | १० | |
| ४. | चाहार | ८ | |

नोटः २ बर्षभन्दा लामो समयसम्म नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ बर्षभन्दा बढी समय कर नबुझाउनेलाई ३५%. र ८ बर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ| तर आ.ब. २०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दर रेट अनुसार लाग्नेछ|

अनुसूची-३

घर बहाल कर

बहाल रकमको १० प्रतिशतका दरले

| क्र.स. | आम्दानीको शिर्षक | बिस्तृत बिबरण | करका दर | कैफियत |
|---|---|---|---|---|
| १. | आवास | मध्यपहाडी लोकमार्ग अन्तर्गतका मुख्य बजार क्षेत्रमा छिप्रिदह, चोकबजार, कमलदह र गाउँपालिका कार्यालय रहेको क्षेत्र वरिपरी | २००० | |
| | पसल/ व्यवसाय | | ३५०० | |
| २. | आवास | अन्य मुख्य बजार क्षेत्र स्यालापाखाको धपे बजार, पोखराको पोखरा बजार, प्वाङको नायगड बजार) | १००० | |
| | पसल/ व्यवसाय | | २५०० | |
| ३. | ग्यारेज | अन्य | १००० | |
| | घुम्ती | | ३०० | |

अनुसूची-४

व्यबसाय कर

| क्र.स. | आम्दानीको शिर्षक | बिस्तृत बिबरण | दर्ता शुल्क | नबिकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | किराना गल्ला पसल | थोक | ३००० | | |
| | | खुद्रा | १५०० | | |
| | | कम पुजी भएका किराना | ५०० | | |
| २. | कपडा/फेन्सी/जुत्ता /चप्पल/ब्याग/कस्मेटिक पसल | थोक | ५००० | | |
| | | खुद्रा | १००० | | |
| ३. | लेडिज/जेन्स पार्लर/नाई व्यवसाय | पार्लर तथा कपाल काट्ने व्यवसाय | ५०० | | |
| ४. | होटेल व्यवसाय | लजीङ फूडीङ सेवाको होटेल | ५००० | | |
| | | खाना, चिया, नास्ता होटेल | २५०० | | |
| | | चिया, नास्ता पसल | ५०० | | |
| ५. | उद्योग | क्रसर उद्योग | १०००० | | |
| | | ग्रिल उद्योग | २५०० | | |
| | | काष्ठ/ फर्निचर(ठुला पुजी) | ३००० | | |
| | | काष्ठ/ फर्निचर(साना पुजी) | २००० | | |
| ६. | ढुंगा तथा गिट्टी बालुवा बिक्रि | प्रति ट्रीप | ५०० | | |
| ७. | सिलाइ कटाई | टेलरिङ सुबिधा | १००० | | |
| | | साधारण सिलाइ कटाई | ५०० | | |
| ८. | मदिरा पसल | वितरक | ५००० | | |
| | | थोक | ४००० | | |
| | | खुद्रा | २००० | | |
| ९. | औषधि/एग्रोभेट/ आयुर्वेदिक औषधि पसल | बढी पूंजी (५ लाख भन्दा माथि) | ५००० | | |
| | | कम पूंजी (५ लाख भन्दा कम) | २००० | | |
| १०. | इलेक्ट्रोनिक पसल (मोबाइल, | बढी पूंजी (५ लाख भन्दा माथि) | ५००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | घडी, अडियो, भिडियो आदि) | कम पूंजी (५ लाख भन्दा कम) | २५०० | | |
| ११. | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प(साधारण बिक्रेता) | १०००० | | |
| | | प्याड बिक्रेता | ५००० | | |
| | | ग्यास सिलिन्डर (सब डिलर) | ५००० | | |
| | | मट्टीतेल (मात्र) | १५०० | | |
| १२. | हार्डवेयर/मेसिनरी/स्यानिटरी/ मार्बल /स्टिल/आल्मुनियम पसल | थोक | १०००० | | |
| | | खुद्रा | ३००० | | |
| १३. | भाँडा पसल (सबै खाले) | थोक | ५००० | | |
| | | खुद्रा | १००० | | |
| १४. | स्टेशनरी तथा पुस्तक पसल | थोक | २५०० | | |
| | | खुद्रा | १५०० | | |
| १५. | पार्किङ व्यवसाय | | ५०० | | |
| १६. | फलफुल तथा तरकारी पसल | थोक | १००० | | |
| | | खुद्रा | ५०० | | |
| १७. | पानि घट्ट | ६ महिनाभन्दा कम चल्ने | ३०० | | |
| | | ६ महिना भन्दा बढी चल्ने | ५०० | | |
| १८. | वित्तीय क्षेत्र | बचत तथा ऋण सहकारी फाइनान्स कम्पनी | ३००० | | |
| | | मनि ट्रान्सफर, लघु वित्त | २००० | | |
| १९. | संस्था दर्ता | गैरसरकारी/ व्यवसाय | २००० | | |
| २०. | निजि शैक्षिक संस्था दर्ता | | १५००० | | |
| २१. | शैक्षिक संस्था (निजि) कक्षा | प्रति कक्षा संख्या | १००० | | |
| २२. | पानी मिल | कुटानी/ पेलानी | २००० | दुईमध्ये एक मात्र भएमा १००० | |
| २३. | सुनचाँदी पसल | गरगहना निर्माण तथा खरिद बिक्रि | २००० | | |
| २४. | मर्मत पसल | मोटर पार्टस बिक्रि तथा मर्मत | ३००० | | |
| २५. | पेन्टर पसल | पेंटिंग/ साइन बोर्ड लेख्ने काम | १००० | | |
| २६. | झोला कुम्लाको व्यापारी | पटके शुल्क प्रति कुम्ला (रसिद | १००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अनिबार्य गाउँपालिका भर लागु हुने) | | | |
| २७. | निर्माण व्यवसायी | घ वर्ग | ३००० | ३०० | |

अनुसूची-५

<u>जडिबुटी, कवाडी र जीवजन्तु कर</u>

| क.स. | आम्दानीको शिर्षक | बिष्तृत बिबरण | करका दर | कैफियत |
|---|---|---|---|---|
| १. | जडिबुटी | कुरिल्लो, टिमुर, तेजपत्ता, सांतगाँठे, कटुको, भुत्ले, तिते, भिरमौरी, सर्कली, यार्सागुम्बा, पन्युच्याउ, चुल्ठे, घोडाताप्रे, सतुवा, लोक्ता लगायत अन्य जडिबुटीको प्रचलित बजार मुल्यको | ५% | |
| २. | काठ | प्रति घनफिट | ५ % | |
| ३. | कवाडी माल | सिसा, कागज, प्लास्टिक प्रतिकिलो | ०.५% | |
| ४. | खोटो | प्रति लिटर/ किलो | ५% | |
| ५. | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख | कुल मुल्यको | २% | |

अनुसूची-६

<u>सवारी साधन कर</u>

| सवारी दर्ता तथा बार्षिक सवारी कर | | | | |
|---|---|---|---|---|
| क.स. | आम्दानीको शिर्षक | बिष्तृत बिबरण | करका दर | कैफियत |
| १. | दुई पांग्रे सवारी साधन | मोटर साइकल | १५० | |
| २. | चार पांग्रे वा सो भन्दा बढी सवारी साधन | बस | १००० | |
| | | ट्रीपर | २००० | |
| | | ट्र्याक्टर | २५० | |
| | | डोजर/ एक्सा भेटर/लोडर | २००० | |
| | | जिप/माइक्रो/बस/कार/भ्यान | २००० | |
| | | ट्रक | २००० | |

| | | | | |
|---|---|---|---|---|
| | | मिनी ट्रक | १००० | |
| ३. | पटके सवारी साधन | | १०० | |

नोटः माथि उल्लेखित व्यवसायहरुको बार्षिक नविकरण गर्दा दर्ता शुल्कको ५०% दस्तुर लाग्ने ।

अनुसूची-७

<u>बिज्ञापन कर</u>

सार्बजनिक स्थलमा बिज्ञापन वा साइन बोर्ड राखे बापत बार्षिक कर

| क्र.स. | **आम्दानीको शिर्षक** | **बिष्तृत बिबरण** | **करका दर** | **कैफियत** |
|---|---|---|---|---|
| १. | होर्डिंग बोर्ड | प्रति बर्ग फिट | ५० | |
| २. | फ़्लेक्स बोर्ड | प्रति बर्ग फिट | २५ | |
| ३. | अन्य पोस्टर, पम्प्लेट | प्रति बर्ग फिट | १० | |

अनुसूची-८

<u>मनोरन्जन कर</u>

| क्र.स. | **आम्दानीको शिर्षक** | **बिष्तृत बिबरण** | **करका दर** | **कैफियत** |
|---|---|---|---|---|
| १. | मेला महोत्सव लगायत अन्य मनोरन्जनात्मक कार्यक्रम | प्रति दिन | १००० | |

अनुसूची-९

<u>बहाल बिटौरी कर</u>

- प्रति क्यूफिट रु. २.००

अनुसूची-१०

<u>पार्किंग शुल्क</u>

- दुई पांग्रे सवारी साधन प्रति घण्टा रु. १०.००
- तिन पांग्रे सवारी साधन प्रति घण्टा रु. १५.००
- चार पांग्रे सवारी साधन प्रति घण्टा रु. २०.००
- छ पांग्रे सवारी साधन प्रति घण्टा रु. ५०.००

अनुसूची-११

ट्रेकिङ, कोयोडिक, क्यनोइङ, बन्जी जम्पिङ, जिपफलाएर र्‍याफ्टिङ शुल्क

| क्र.स. | आम्दानीको शिर्षक | बिष्तृत बिबरण | करका दर | कैफियत |
|---|---|---|---|---|
| १. | स्वदेशी | प्रति दिन | ५० | |
| २. | बिदेशी | प्रति दिन | १०० | |

अनुसूची-१२

सेवा शुल्क

| क्र.स. | आम्दानीको शिर्षक | बिष्तृत बिबरण | करका दर | कैफियत |
|---|---|---|---|---|
| | प्रमाणित शुल्क | | | |
| १. | | मृतकसँग नाता प्रमाणित गर्ने | २०० | |
| २. | | जन्ममिति प्रमाणित गर्ने गराउने | २०० | |
| ३. | | बिबाहित प्रमाणित गर्ने | २०० | |
| ४. | | अविवाहित प्रमाणित गर्ने | २०० | |
| ५. | | घर पाताल प्रमाणित गर्ने | २०० | |
| ६. | | व्यक्तिगत बिबरण प्रमाणित गर्ने | २०० | |
| ७. | | जीवितसंगको नाता प्रमाणित गर्ने | २०० | |
| ८. | | हकवाला वा हकदार प्रमाणित गर्ने | २०० | |
| ९. | | कागज र मंजुरिनामा प्रमाणित गर्ने | २०० | |
| १०. | | जग्गा मूल्यांकन सिफारिस प्रमाणित गर्ने | ५०० | |
| ११. | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० | |
| १२. | | संरक्षक प्रमाणित गर्ने | १०० | |
| १३. | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५०० | |
| | सिफारिस शुल्क | | | |
| १४. | | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने | २५० | |

| | | | | |
|---|---|---|---|---|
| १५. | | अपाङ्ग सिफारिस | ० | |
| १६. | | नाबालिक परिचय पत्र सिफारिस | १०० | |
| १७. | | व्यक्तिगत संरक्षक सिफारिस गर्ने | ० | |
| १८. | | संस्थागत संरक्षक सिफारिस गर्ने | २०० | |
| १९. | | नागरिकता सिफरिस | २०० | |
| २०. | | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| २१. | | बैबाहिक अंगिकृत नागरिकता सिफारिस | ३०० | |
| २२. | | छात्रवृत्ति सिफारिस | २०० | |
| २३. | | छात्रवृत्ति सिफारिस (बिपन्न छात्रवृत्ति निशुल्क) | २०० | |
| २४. | | बहाल करको लेखाजोखा सिफारिस | २०० | |
| २५. | | मोही लगत कट्टाको सिफारिस | २०० | |
| २६. | | घरजग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | २०० | |
| २७. | | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | २०० | |
| २८. | | मिलापको कागज गराउने निबेदन दर्ता गर्न सिफारिस गर्ने | २०० | |
| २९. | | निशुल्क स्वास्थ्य उपचार सिफारिस | ० | |
| ३०. | | सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| ३१. | | पुर्जामा पक्कि घर कायम गर्न सिफारिस (प्रति बर्ग मि.) | ५ | |
| ३२. | | फरक फरक नाम, थर, जन्म, मिति, तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | ३ | |
| ३३. | | नाम, थर वा जन्म मिति संशोधनको सिफारिस | २०० | |
| ३४. | | अस्थायी/ स्थायी बसोबास सिफारिस | १५० | |

| | | | | |
|---|---|---|---|---|
| ३५. | | जग्गा दर्ता सिफारिस | २०० | |
| ३६. | | जग्गाधनी पुर्जा हराएको सिफारिस | २०० | |
| ३७. | | कित्ताकाट गर्न सिफारिस | २०० | |
| ३८. | | नामसारी गर्न सिफारिस | २०० | |
| ३९. | | जग्गाको हक सम्बन्धमा सिफारिस | २०० | |
| ४०. | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | २०० | |
| ४१. | | जीवित रहेको सिफारिस | २०० | |
| ४२. | | उद्योग ठाँउसारी गर्न सिफारिस | ३०० | |
| ४३. | | बिद्यालय खोल्न सिफारिस | १००० | |
| ४४. | | विद्यालयको कक्षा कोठा थप्न सिफारिस (प्रति कक्षा) | १००० | |
| ४५. | | बिद्यालय ठाउँसारी गर्न सिफारिस | ५०० | |
| ४६. | | पालन पोषणका लागि सिफारिस | ० | |
| ४७. | | धारा जडानको लागि सिफारिस | १०० | |
| ४८. | | बिद्युत जडानको लागि सिफारिस | १०० | |
| ४९. | | संस्था दर्ता सिफारिस | १०० | |
| ५०. | कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने | | ५०० | |
| ५१. | सर्जमिन मुचुल्का | | ५०० | |
| ५२. | योजनाको भुक्तानी फरफारक सिफारिस | | ५०० | |
| ५३. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | १००० | |
| ५४. | उद्योग दर्ता सिफारिस | | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ५५. | कोर्ट फि मिनाहा सिफारिस | | ० | |
| ५६. | चौपाया सम्बन्धि सिफारिस | प्रति चौपाया | २० | |
| ५७. | घर जग्गा नक्सा पास दस्तुर | पक्कि घर | २००० | |
| | | कच्ची घर | १००० | |
| ५८. | घर सम्पन्न सिफारीस | पक्कि घर | २००० | |
| | | कच्ची घर | १००० | |
| ५९. | व्यक्तिगत घटना दर्ता शुल्क (३५ दिनभित्र निशुल्क) | जन्म दर्ता | १५० | |
| | | मृत्यु दर्ता | १५० | |
| | | बिबाह दर्ता | १५० | |
| | | बसाईसराई (आउने/जाने) | १५० | |
| | | सम्बन्ध बिच्छेद | १५० | |

अनुसूची-१३

<u>पर्यटन शुल्क</u>

| **क.स.** | **आम्दानीको शिर्षक** | **बिष्तृत बिबरण** | **करका दर (ने रु)** | **कैफियत** |
|---|---|---|---|---|
| १. | दृश्यावलोकन | स्वदेशी | ५० | |
| | | बिदेशी | १५० | |
| २. | अध्ययन भ्रमण | स्वदेशी | ५० | |
| | | बिदेशी | १५० | |
| | | | | |

प्रमाणीकरण मितिः **२०७५।०३।३२**

**आज्ञाले,**

**बिमला रोका श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**